# बुंगल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### खिरातडी, बझांग

☎ 9766973710 कार्यालय प्रमुख
URL: www.bungalmun.gov.np
e-mail: info@bungalmun.gov.np
e-mail: ito.bungalmun@gmail.com
e-mail: ito.bungalmun . gov.np
सुदूरपश्चिम प्रदेश नेपाल


प.सं.: २०८१।०८२
च.नं. :

मिति २०८२।०१।२३
ने.सं.११४५ बछलाथ्व नवमी मंगलबार

रोजगार संयोजक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२।०१।२३ गते**

यस बुंगल नगरपालिका रोजगार सेवा केन्द्रमा (प्रधानमन्त्री रोजगार कार्यक्रम) रिक्त रोजगार संयोजक एक (१) पदमा खुल्ला प्रतिष्पर्धाबाट करारमा पदपुर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले सूचना प्रकाशित मितिले १५ दिन भित्र माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

| क्र सं | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ९-२०८१।८२ | रोजगार संयोजक | स्थानीय सेवाको छैटौं वा सो सरह | १ जना |

१ आवश्यक न्युनतम शैक्षिक योग्यता र अनुभव

क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण गरेको।

ख) दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

ग) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी कुनै कारबाही नभएको।

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको।

ङ) आधारभुत कम्प्युटर सिप सम्बन्धी कम्तीमा तीन महिनाको तालिम लिएको।

२ दरखास्त दिने स्थानः बुंगल नगरपालिका नगरकार्यपालिकाको कार्यालय खिरातडी बझाङ।

३ दरखास्त दिने अन्तिम मितिः २०८२।०२।०६ गते कार्यालय समय भित्र (सार्वजनिक बिदा परेमा दोस्रो दिन )

४ आवेदन दस्तुरः रु १००० (एक हजार मात्र)

५ छनौटको किसिमः प्रारम्भिक योग्यता क्रमको सुची प्रकाशन र लिखित तथा प्रयोगात्मक परीक्षा।

६ आवेदन साथ संलग्न कागजातहरुः आवेदक स्वयंले प्रमाणित गरेका देहाय बमोजिमका कागजातहरु

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी १ थान

ख) न्युनतम शैक्षिक योग्यताको लब्धांक पत्रको प्रतिलिपी १ थान

ग) चारित्रिक प्रमाणपत्र को प्रतिलिपी १ थान

घ) अनुभव भए सो सम्बन्धी कागजातहरु

ङ) पासपोर्ट साईजको फोटो दुई प्रति

७ सेवा सुविधा तथा अन्य रोजगार संयोजकको पद पुर्ति र सेवा सम्बन्धि मापदण्ड २०७६ बमोजिम हुनेछ।(आवेदनको ढाँचा र रोजगार संयोजक पदको कार्यविवरण पाठ्यक्रम लगायत पदपुर्ति सम्बन्धि अन्य विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभसाईट www.pmep.gov.np तथा रोजगार सेवा केन्द्रबाट उपलब्ध हुनेछ।

माधव प्रसाद जोशी
नि प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत